मिति २०७४।०२।०३

वैठक संख्या २५ । २०७३ / ०७४

समय विहान ८ वजे

उपस्थिति

श्री विष्णु प्रसाद कोईराला - कार्यकारी अधिकृत एवं प्रमुख

आज मिति २०७४।०२।०३ गते धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक वसी तपशिलका विषयहरुमा निर्णय गरियो ।

**१) सुपरीवेक्षण शुल्क सम्वन्धमा**

धरान उपमहानगरपालिका क्षेत्र भित्र वन्ने घरहरु धरान उपमहानगरपालिकाले तयार गरी लागू गरेको भवन तथा योजना मापदण्ड २०५६ ( पहिलो संशोधन २०७० ), बस्ति विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत मापदण्ड २०७२ र राष्ट्रिय भवन निर्माण संहिता २०६० अनुरुप निर्माण हुन भन्ने उद्देश्यले भवन निर्माण स्वीकृती लिइ निर्माण भइ रहेका भवनहरुको निर्माण अवधिमा प्राविधिक वाट गर्नु पर्ने अनुगमन तथा सुपरीवेक्षण को कार्य धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा रहेका प्राविधिक वाटनै गर्ने र सो अनुगमन तथा सुपरिवेक्षण गरे वापत घर धनी वाट प्रति वर्ग फिट रु ५ का दरले शुल्क लिने निर्णय गरियो । यो निर्णय २०७४।०२।०७ देखि लागू गर्ने र अनुमोदनका लागि आगामी नगरपरिषदमा पेश गर्ने समेत निर्णय गरियो ।

**२) कार्यक्रम स्वीकृत र खर्च गर्ने सम्बन्धमा**

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७३।१२।०८ च नं ७७० को प्राप्त अख्तियारी अनुसार वजेट शीर्षक नं ६०२११०३ संघीय संरचना पूर्वाधार विकास कार्यक्रम अन्तरगत प्राप्त खर्च शीर्षक नं २६३१२ को रु २०,००,०००। र खर्च शीर्षक नं २६३२२ को रु ३२,००,०००। समेत जम्मा रु ५२,००,०००। र श्रोत सुनिश्चित गरिएको रु ४८,००,०००। समेत जम्मा रु १,००,००,०००। एक करोडको को कार्यक्रम हरु स्वीकृत गरियो । उक्त रकम मध्ये हाल अख्तियारी प्राप्त भै सकेको रु ५२,००,०००। लाइ यस अघिकै नगर परिषदवाट स्वीकृत वजेट तथा कार्यक्रममा थप गरी तत्काल कार्यान्वयन गर्ने र स्रोत सुनिश्चित भएको थप रकम समेत माग गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । स्वीकृत कार्यक्रम पछाडी पानामा टास गरी प्रमाणित गरिएको छ ।

**३) आ. व. २०७४।०७५ को आन्तरिक आय संकलनको लागि ठेक्का आह्वान सम्बन्धमा**

धरान उपमहानगरपालिकाले कानून बमोजिम संकलन गर्ने पाउने आन्तरिक आय मध्ये आ. व. २०७४।०७५ मा पनि ठेक्का प्रकृया द्वारा संकलन गर्ने मिति २०७४।०२।०२ मा वसेको राजश्व परामर्श समितिको बैठकवाट सिफारिस भएका तपशिलका कर तथा सेवा शुल्क संकलनका लागि तपशिलको न्यूनतम अंक कायम गरी बढाबढको प्रस्ताव आह्वान गरी सूचना प्रकाश गर्ने निर्णय गरियो

| | |
|---|---|
| क ) पटके सवारी कर | रु १३,१५,०००। |
| ख ) सवारी पार्किङ शुल्क | रु १७,६०,००० । |
| ग ) पटके व्यबसाय ( हाट वजार ) कर | रु ६,००,०००। |

**४ ) कृषि उपज वजार स्थलमा खसी बाख्राको पटके व्यबसाय ( मबेसी ) कर संकलन सम्वन्धमा**

धरान १३ स्थित कृषि वजार स्थलमा संकलन गरिने खसी बाख्रको पटके व्यबसाय मबेसी कर संकलनका लागि आ. व. २०७४।०७५ मा पनि चालु आ व को ठेक्का रकममा १० प्रतिशत बृद्धी गरी जम्मा रु १,३०,०००। मा कृषि उपज वजार व्यबस्थापन समिति लाइ नै संकलन गर्न दिने निर्णय गरियो ।

५) आ. व. २०७३।०७४ को वाकी अवधिको सवारीकर संकलन सम्वन्धमा

यस उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय वाट संकलन गर्ने सवारी साधन कर मोटरसाइकल, टेम्पो, इ रिक्सा, रिक्सा, पावर टेलर आदि वाट अपेक्षाकृत रुपमा संकलन हुन नसकेकाले चालु आ व को वाकी अवधिका लागि नीजि क्षेत्र मार्फत ठेक्कामा असुल गर्न न्यूनतम अंक रु १५,००,०००। कायम गरि वाकी अवधिका लागि मात्र ठेक्का आह्वान गरि सूचना प्रकासन गर्ने निर्णय गरियो ।

६) वाल मैत्री स्थानीय शासनका सूचकहरु निर्धारण सम्वन्धमा

धरान उपमहानगरपालिका लाइ वाल मैत्री नगर वनाउन नेपाल सरकारले वाल मैत्री स्थानीय शासनका लागि तयार गरेको बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ , बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति कार्यान्वयन कार्यविधि २०६८ र घोषणा कार्य विधि २०७० मा निर्दिश्ट भएका ३९ वटा बालमैत्री स्थानीय शासन सम्बन्धि सूचकहरु यस उपमहानगरपालिकाका लागि पनि उपयुक्त हुने देखिएकाले सोहि सूचकहरु अवलम्वन गर्ने गरी सूचक निर्धारण गर्ने निर्णय गरियो ।

७) बाल मैत्री स्थानीय शासन कोषको स्थापना गर्ने सम्वन्धमा

धरान उपमहानगरपालिकालाइ वाल मैत्री नगर वनाउन विभिन्न कृयाकलापहरु भइ रहेका साथै सबै वडाहरुमा वाल क्लव गठन, नगर वाल संजाल गठन लगाय वालमैत्री स्थानीय साशन नगर समन्वय समिति समेत गठन भै सकेकाले उक्त सबै समितिका कृयाकलापहरुलाइ व्यबस्थीत गर्न बाल मैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ को परिच्छेद ६ को २७ नं अनुसार वाल मैत्री स्थानीय शासन कोष स्थापना गर्ने र सो कोषको खाता राष्ट्रिय वाणिज्य बैंक धरान शाखामा खोल्ने निर्णय गरियो ।

८) वाल मैत्री शाखा वा इकाइको गठन र जिम्मेवारी तोक्ने सम्वन्धमा

धरान लाइ वाल मैत्री नगर वनाउन वाल मैत्री स्थानीय शासनका लागि तयार गरिएका सबै सूचक हरुको कार्यान्वयन गर्न र व्यबस्थापन गर्न आगामी नगर परिषद वाट वाल मैत्री शाखा वा इकाइ स्थापना गर्ने र हाल लाइ सम्पूर्ण वाल लक्षित कार्यक्रमहरु संचालन साथै व्यास्थापन गर्ने जिम्मेवारी खरिदार निर्मला बस्नेत ( सामाजिक विकास शाखा ) लाइ दिने निर्णय गरियो ।

९) वाल मैत्री स्थानीय शासन कोषमा रकम राख्ने सम्वन्धमा

धरान उपमहानगरपालिका लाइ वाल मैत्री नगर वनाउन संचालन गरिने विभिन्न कार्यक्रमहरु लाइ व्यबस्थित गर्न स्थापना गरिएको वाल मैत्री स्थानीय शासन कोषमा सावीक पांचकन्या गा बि स को महिला तथा बालबालिका विकास कोष पाचकन्या सुनसरीका नाममा लक्ष्मी बैंक लिमिटेड धरान शाखामा खाता नं ०२३११०००४७९ मा रहको रु ७,४६,८९९।९९ र राष्ट्रिय वाणिज्य बैंक धरान शाखामा महिला तथा बालबालिका विकास कोषको चल्ति खाता नं २६०३९ मा रहेको रु २,१९,२०२। ५० जम्मा गर्ने निर्णय गरियो ।

१०) वाल प्रोफायल तयार गर्ने सम्वन्धमा

धरान लाइ वाल मैत्री नगर वनाउने क्रममा माथि निर्णय नं ७ मा व्यबस्था भएका वाल मैत्री स्थानीय साशनका सूचकहरु पूरा गर्न धरान क्षेत्रका वाल वालिकाको अबस्था थाहा पाउनु पर्ने भएकाले तयार गरिएका प्रश्नावलिका आधारमा नगर क्षेत्रको सर्वेक्षण गरी तथ्याङक संकलन गर्ने र नगर वाल प्रोफायल तयार गर्ने निर्णय गरियो ।

आजको बैठक १० वजे समाप्त भयो

बैठकको निर्णय माइन्यूट गर्ने गणेश प्रसाद खतिवडा वरिष्ठ प्रशासकीय अधिकृत